बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी(ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
V32P+FV Dedgaun

प.स.: २०/८०
च.नं.:

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल २०७३

## पोषण सम्बन्धी आयमुलक कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हान गरिएको सूचना ।
(प्रथम पटक प्रकाशन मिति : २०८०।१०।०८)

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत महिला सहकारी तथा समुहलाई आयआर्जन सुधारको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले अनुदानमा कार्य गर्न इच्छुक यस गाउँपालिकामा दर्ता भएका महिला समुह(सुनौला १००० दिनका महिला) हरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नु हुन आव्हान गरिन्छ । रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु मूल्यांकनमा समावेश नहुने व्यहोरा जानकारी गराइन्छ । साथै प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट प्रस्ताव पेश गर्न सकिनेछ ।

| सि.न. | कार्यक्रमको नाम | कार्यक्रमको बजेट | कार्यक्रम संचालन हुने क्षेत्र |
|---|---|---|---|
| १ | महिला समूह वा सहकारीलाई आयआर्जन अनुदान(सुनौला १००० दिनका महिला) | ६,२५,००० | बौदीकाली गाउँपालिका भित्र |

आवश्यक कागजातहरु:

- निवेदन
- संचालक समितिको निर्णय
- आ.व. ०७९/०८० को लेखा परिक्षण प्रतिवेदन
- प्यान/भ्याट दर्ता प्रमाण पत्र
- आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्र
- सहकारी/समूह दर्ता प्रमाण पत्र
- वडा कार्यलयको सिफारिस
- २५ जना (गर्भ रहे देखि २ वर्ष मुनिका बच्चाको आमा) नाम, फोन नम्बर, व्यवसाय योजना, सहितको प्रारम्भिक कार्ययोजना

पुनश्चः परियोजना प्रस्तावको नमुना यस कार्यलयको वेवसाइट www.baudikalimun.gov.np राखिएको छ ।

उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

@hellobaudikali @hellobaudikali baudikalimun@gmail.com 9857046264

**महिला सहकारी तथा समूहमा बहुक्षेत्रिय पोषण सम्बन्धी आयमुलक कार्यक्रम सञ्चालन कार्यविधि, २०७७**

**<u>प्रस्तावनाः</u>** महिला, बालबालिका तथा किशोरीहरुमा विद्यमान रुहेको कुपोषणलाई दिगो विकास लक्ष्य अनुरुप घटाउने लक्ष्य लिई कुपोषणको समस्यालाई समाधान गर्न र यसका विभिन्न कारक तत्वहरूलाई बहुपक्षीय पोषण अवधारणा अनुसार निराकरण गर्न विपन्न अवस्थाका शिशुहरूको लागि पोषण कार्यक्रममा महिला सहकारी तथा महिला समूहलाई शुरूवाती अनुदान वितरण गरी महिलाहरूको सामाजिक तथा आर्थिक सशक्तीकरण र व्यवसायिक आयमुलक कार्यक्रमको लागि अनुदान व्यवस्थापन तथा स्थानीय तहमा महिला सहकारी तथा समूहमा आयमुलक कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ ।

**परिच्छेद १**

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "महिला सहकारी तथा समूहमा बहुक्षेत्रीय पोषण सम्बन्धी आयमुलक कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले स्थानीय तहको प्रमुखलाई सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(घ) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले गाउँ वा नगर कार्यपालिका सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय तहको प्रशासकीय कार्य गर्ने प्रमुखलाई सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिकातथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ज) "योजना" भन्नाले (दोस्रो) बहुक्षेत्रीय पोषण योजना सम्झनु पर्छ ।

(झ) "व्यवसायिक योजना" भन्नाले लाभग्राहीले प्राप्त अनुदानबाट सञ्चालन गर्न खोजेको व्यवसायको लागत अनुमान, आम्दानी र खर्च अनुसारको विस्तृत कार्ययोजना सम्झनु पर्छ ।

(ञ) "व्यवसाय" भन्नाले सहकारी वा समूह मार्फत प्राप्त अनुदानबाट प्रजनन उमेर समूहका महिला, बालबालिका, किशोर किशोरी र जेष्ठ नागरिकको पोषणमा टेवा

पुग्ने स्थानीयस्तरमा उत्पादन भएका वस्तुहरुको सीप प्रयोग गरी सञ्चालन हुने आयमुलक कार्य सम्झनु पर्छ ।

(ट) “स्थानीय तह” भन्नाले नगरपालिका / गाँऊपालिकालाई सम्झनु पर्छ ।

(ठ) "सदस्य" भन्नाले यस कार्यक्रम अन्तरगत अनुदान प्राप्त सहकारी वा समूहका पदाधिकारी वा सदस्य सम्झनु पर्छ ।

(ड) "सहकारी वा समूह" भन्नाले साविक महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी, दलित तथा जनजाति समुदायमा क्रियाशील महिला सहकारी मध्ये सुनौला हजार दिनका घरपरिवारलाई फाइदा प्राप्त गर्ने लाभग्राही सदस्य रहेको सहकारी तथा समूह सम्झनु पर्छ र सो शब्दले सहकारीहरु नभएमा सोही प्रकृतिका महिला समूह, कृषक समूह वा स्वास्थ्य आमा समूहको सहभागिता र नेतृत्वमा सञ्चालन भएको समूह सम्झनु पर्छ ।

(ढ) "सदस्य" भन्नाले यस कार्यक्रम अन्तर्गत अनुदान प्राप्त सहकारी वा समूहका पदाधिकारी वा सदस्य सम्झनु पर्छ ।

(ण) "समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्छ।

(त) "सुनौला हजार दिनको घर" भन्नाले महिला गर्भवती तथा उमेर २ वर्ष भित्रका बालबालिका भएको घरपरिवारलाई सम्झनु पर्छ ।

## परिच्छेद–२

## उद्देश्य र छनौट समिति

३. **उद्देश्य**: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ

(क) विपन्न महिलालाई महिला सहकारी वा समूह मार्फत व्यवसाय सञ्चालन गर्न अनुदान उपलब्ध गर्नु,

(ख) लाभग्राही समूहको आय आर्जनमा सुधार ल्याउनु,

(ग) बहुक्षेत्रिय पोषण योजना अनुरूप विपन्न अवस्थाका शिशुहरुलाई पोषण सचेतना र अबस्थामा सुधार ल्याउनु ।

४. **बहुक्षेत्रिय पोषण कार्यक्रमको सञ्चालन**: यस कार्यक्रम अन्तर्गत छनौट भएका स्थानीय तहले विपन्न समुदायका सुनौला हजार दिनका घर परिवार लक्षित आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न शुरुवाती पूँजी उपलब्ध गराउन महिला समूह वा सहकारीका सदस्यलाई अनुदान उपलब्ध गराउने बहुक्षेत्रीय पोषण योजना दोस्रोको कार्यक्रम रहेको छ । उक्त योजना अन्तर्गत बजेटको व्यवस्था हुनेगरी यो कार्यक्रम महिला सहकारी वा महिला समूह छनौट गरी व्यवसाय सञ्चालन मार्फत आय आर्जन बढाउने गरी तय भएको छ ।

५. **प्रस्ताव आव्हान**: (१) यस कार्यक्रमको अनुदान वितरण कार्यक्रमको लागि सम्बन्धित स्थानीय तहले पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि महिला सहकारी वा समूहले अनुसूची–१ बमोजिमको ढाँचामा स्थानीय तहमा निवेदन दिनुपर्नेछ ।

६. **छनौट समिति गठनः** (१) दफा ५ बमोजिमका प्रस्तावको मूल्याङ्कन गरी छनौटको लागि सिफारिस गर्न स्थानीय तहमा देहाय बमोजिमका छनौट समिति रहनेछः–

(क) प्रमुख प्रशासकीय अधिकृत –संयोजक

(ख) प्रमुख, योजना शाखा –सदस्य

(ग) प्रमुख, सामाजिक विकास समिति –सदस्य

(घ) प्रमुख, महिला तथा बालबालिका शाखा वा सामाजिक विकास शाखा –सदस्य–सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले स्थानीय तहले प्रस्ताव आव्हान गरे बमोजिम महिला सहकारी वा समूहबाट प्राप्त हुन आएका प्रस्ताव छनौटको लागि मूल्याङ्कन गरी सिफारिस गर्नेछ ।

(५) समितिले दफा ७ एवं अनुसची–२ मा उल्लेखित आधारलाई अङ्कभार प्रदान गरी मूल्याङ्कन गर्नुपर्नेछ ।

परिच्छेद–३

**प्रस्ताव छनौटको आधारहरु**

७. **प्रस्ताव छनौटको आधार**ः (१) दफा ६ को (३) बमोजिम प्रस्ताव छनौट गर्दा देहाय बमोजिमको प्राथमिकता क्रम निर्धारण गर्नुपर्नेछः–

(क) स्थानीय तह भित्र रहेका दलित तथा जनजाति समुदायमा क्रियाशिल साविक महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला सहकारी मध्ये सुनौला हजार दिनका घरपरिवारलाई फाइदा पुग्ने सहकारी तथा समूह,

(ख) खण्ड (क) बमोजिमका सहकारीहरु नभएमा सोही प्रकृतिका साविक महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला समूह, कृषक समूह वा स्वास्थ्य आमा समूह,

(ग) स्थानीय तहमा उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरि व्यवसाय सञ्चालन गरिने प्रस्ताव,

(घ) बहुक्षेत्रीय पोषण योजनाबाट प्राप्त अनुदानको रुपमा परिचालन हुने प्रतिवद्धता भएका प्रस्ताव,

(ङ) महिला सहकारीको हकमा प्रचलित कानून बमोजिम दर्ता भई सम्बन्धित स्थानीय तह कार्यक्षेत्र भएको र महिला समूहको हकमा स्थानीय तहमा दर्ता भएको हुनुपर्नेछ।

(२) यस कार्यविधि बमोजिम महिला सहकारी वा समूह छनौट गर्दा सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको सहकारी तथा समूहलाई प्राथमिकता दिनुपर्नेछ।

८. **<u>प्रस्ताव मुल्याङ्कन तथा छनौट</u>:** (१) समितिले प्रस्ताव छनौट तथा मूल्याङ्कन गर्दा अनुसूची–२ बमोजिम प्राथमिकताको आधारमा मूल्याङ्कन गर्नुपर्नेछ ।

(२) दफा ४ को खण्ड (क) बमोजिम प्राप्त भएका प्रस्तावहरु पन्ध्र दिनभित्र मुल्याङ्कन गरिसक्नुपर्नेछ।

(३) दफा (७) बमोजिम न्युनतम आधार पूरा नभएका प्रस्तावको सम्बन्धमा छनौट समितिको सिफारिसका आधारमा सम्बन्धित स्थानीय तहले सात दिनको समय दिई पुनः प्रस्ताव आव्हानका लागि सूचना प्रकाशन गर्नेछ ।

९. **<u>अनुदान सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ५ बमोजिमको समितिबाट छनौटको लागि सिफारिस भएको सहकारी वा समूहसँग स्थानीय तहले सम्झौता गरी एकमुष्ठ अनुदान उपलब्ध गराउनु पर्नेछ ।

(२) यसरी अनुदान प्राप्त गर्ने महिला सहकारी वा महिला समूहले आफ्ना सदस्यले दफा ११ बमोजिम पेश गरेको व्यावसायिक योजनाका आधारमा यस योजना बमोजिम अनुदान उपलब्ध गराई सामुहिक वा व्यक्तिगत रुपमा व्यवसाय सञ्चालनका क्रियाकलापहरु गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१०. **<u>व्यावसायीक योजना तयार गर्नुपर्ने:</u>** अनुदानका लागि छनौट भएका महिला सहकारी वा समूहले अनुदान प्राप्त गर्ने सदस्यहरुलाई व्यावसायीक योजना तयार गर्न अनुसूची–३ बमोजिमका विषयमा बहुक्षेत्रिय पोषण योजना दोश्रो अन्तर्गतका स्वयमसेवक वा सम्बन्धित विज्ञ मार्फत तालिम दिनुपर्नेछ । व्यावसायीक योजना अनुसूची–४ बमोजिमको हुनेछ ।

११. **<u>तालीम तथा अभिमुखिकरण गर्नुपर्ने:</u>** (१) स्थानीय तहले बहुक्षेत्रीय पोषण आयोजनाका स्वयंसेवक मार्फत दफा १० बमोजिम सम्झौता भएको सहकारी वा समूहका कार्य समितिका सदस्यलाई पोषण अनुदान सम्बन्धी तालिम दिनुपर्नेछ ।

(२) दफा ११ बमोजिम व्यावसायीक योजना तयार गरेका व्यावसायीहरुलाई महिला सहकारी वा समूहले स्थानीय तहसँगको समन्वयमा बहुक्षेत्रीय पोषण योजनाका स्वयंसेवक र विषय विज्ञ मार्फत तालीम तथा अभिमुखिकरण दिनुपर्नेछ ।

(३) तालिम कार्यक्रममा उद्यम व्यवसायका अतिरिक्त पोषण सम्बेदनशील विषयवस्तुहरु पनि समावेश गर्नुपर्नेछ।

१२. **<u>अनुदानको अवधीः</u>** (१) सहकारी वा समूहलाई अनुदान उपलब्ध गराउँदा एक आर्थिक वर्षको अवधी दिईनेछ।

(२) अनुदान प्राप्त व्यक्तिले व्यावसायीक योजना बमोजिमको कार्यक्रम पन्ध्र दिन भित्र शुरु गर्नुपर्नेछ ।

१३. **<u>बजार व्यवस्थापनमा समन्वय गर्नुपर्नेः</u>** स्थानीय तहले सहकारी वा समूहका सदस्यले उत्पादन गरेका वस्तुको बजार व्यवस्थापनको लागि समन्वय वा सहजीकरण गर्नुपर्नेछ ।

१४. **<u>अनुदान रकम फिर्ता गर्नुपर्नेः</u>** (१) कुनै कारणवस सहकारी वा समूहले कुनै कारणवस कार्य सञ्चालन गर्न नसकेमा वा विघटन भएमा उक्त रकम सम्बन्धित स्थानीय तहमा फिर्ता गर्नुपर्नेछ ।

(२) सहकारी वा समूहले व्यावसायीक योजन बमोजिम अनुदान रकम लिई तीस दिन भित्र आफ्नो व्यवसाय सञ्चालन नगरेमा सो रकम स्थनीय तहमा जम्मा गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम फिर्ता भएको रकम स्थानीय तहले यसै कार्यविधि बमोजिम अन्य सहकारी वा समूहलाई पुनः सूचना आह्वान गरी अनुदान उपलब्ध गराउन सक्नेछ ।

१५. **<u>अनुगमन सम्बन्धी व्यवस्थाः</u>** (१) यस कार्यविधि बमोजिम अनुदान पाउने सहकारी वा समूहको अनुगमन स्थानीय तहको अनसगमन समितिले गर्नेछ ।

(२) कार्यक्रमको अनुगमन मन्त्रालय वा महिला तथा बालबालिका विभागले गर्न सक्नेछ ।

(३) स्थानीय तह र अनुदान पाउने सदस्यको हकमा सहकारी वा समूहका कर्मचारी वा सदस्य मार्फत अनुगमन गर्नुपर्नेछ ।

(४) अनुदानको प्रभावकारीता सम्बन्धमा यस योजना बमोजिम अनुगमन हुनेछ।

१६. **<u>प्रतिवेदन पेश गर्नुपर्नेः</u>** यस कार्यविधि बमोजिम अनुदान पाउने सहकारी वा समूहले अनुदान परिचालनको अवस्थाको बारेमा अर्धबार्षिक र वार्षिक रुपमा अनुसुची–५ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१७. **<u>गुनासो सुनुवाईः</u>** (१) यस कार्यविधि बमोजिम परिचालन भएको अनुदानका सम्बन्धमा कुनै गुनासो भएमा लिखितरुपमा सम्बन्धित स्थानीय तहमा गुनासो दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गुनासो प्राप्त भएमा स्थानीय तहबाट सात दिनभित्र गुनासो सम्बोधन हुनेछ ।

१८. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

**अनुसूची– १**

**दफा ५ को उपदफा २ सँग सम्बन्धित**

**प्रस्तावको ढाँचा**

सहकारी वा समूहको नामः

ठेगानाः

दर्ता भएको मितिः दर्ता भएको कार्यालयः दर्ता नः

सहकारी वा समूहको भौगोलिक क्षेत्र/ कार्य क्षेत्र :

सहकारी वा समूहको कार्य प्रकृति : (जस्तैः कृषि, बचत तथा ऋण ...)

सहकारी वा समूह सदस्य संख्या :

कार्य समिति सदस्य विवरण

सहकारी वा समूहको गत ३ आर्थिक वर्षको आय व्ययको विवरण :

सहकारी वा समूहको कार्यक्षेत्र भित्रका जनसाङखिक विवरण :

सहकारी वा समूहको कार्यक्षेत्र भित्रका खाद्य सुरक्षाको अवस्था विवरण :

अनुदानबाट लाभ पाउने अनुमानित विवरणः

| क्र.सं. | लगानीको क्षेत्र | संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | दलित | जनाजाति | अन्य | |
| १. | तरकारी खेती | संख्या | जम्मा | | |
| २. | बाख्रापालन | | | | |
| ३. | जडीबुटी उत्पादन, प्रशोधन | | | | |
| ४. | स्थानीय खाद्य उत्पादन, प्रशोधन | | | | |
| ५ | कुखुरा पालन | | | | |
| ६ | अन्य | | | | |
| जम्मा | | | | | |

**प्रस्तावित बजेटः**

हस्ताक्षरः हस्ताक्षर

नामः नामः

पदः पदः

**अनुसूची– २**

**(दफा ६ को उपदफा ५ सँग सम्बन्धित)**

**प्राथमिकता छनौटको आधार**

१ विपन्न समुदायका महिलाहरुको पूर्ण सहभागिता र नेतृत्वमा स्थानीय तहभित्र सञ्चालन रहेका महिला समकारी मध्येबाट कुनै एउटा सहकारी संस्था वा समूह छनौट गर्ने ।

२ स्थानीय तहमा महिला सहकारी संस्था क्रियशील नभएको अवस्थामा सरकारी निकायः महिला विकास कार्यक्रम, स्थानीय विकास कोष, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम/ नागरिक सचेतना केन्द्र, कृषि विकास, पशुसेवा, घरेलु विकासको समन्वय र सहजीकरणमा सञ्चालनमा रहेका महिला समूहलाई क्रमशः प्राथमिकताका आधारमा छनौट गर्ने। यस प्रकारका महिला समूह समेत नभएको अवस्थामा विकास साझेदार तथा गैह्र सहकारी संस्थाको सहजीकरणमा स्थापना भई विगत २ वर्षदेखि क्रियशील रहेका महिला समूह मध्येबाट समेत छनौट गर्न सकिने ।

## अनुसूची-३

(दफा ११ सँग सम्बन्धित)

**समूहका सदस्यलाई दिइने तालिमका विषयवस्तु**

समूहबाट अनुदान प्राप्त गर्ने सदस्यहरुलाई निम्न विषयमा तालिम दिईनेछ ।

१. व्यवसाय सञ्चालन सम्वन्धी विषयवस्तुहरुः

(क) सीप विकास

(ख) योजना निर्माण

(ग) उद्मशीलता

(घ) अभिलेख राख्ने

(ङ) खाता हिसाव किताव राख्ने

(च) महिला सशक्तिकरण तथा नेतृत्व विकास

२. तालिममा समावेश गर्नुपर्ने पोषण सम्वन्धी विषयवस्तुहरुः

(क) घरायसी खाद्यवस्तुको उत्पादन प्रवर्द्धन,

(ख) एकघर एक करेसावारी अभियान,

(ग) विपन्न सुनौला हजार दिनका घर परिवारमा अण्डा, बीउ, कुखुराको चल्ला वितरण,

(घ) किशोरीहरुको लागि जीवन उपयोगी सिप सम्बन्धी तालिम,

(ङ) पोषण सम्बन्धी नवप्रर्वतनीय कार्य (जस्तैं सर्वोत्तम पिठो तयारी, खाद्य प्रर्वद्धन, र सार्वजनिक स्थलमा पोषण कर्नर, स्वास्थ्य बच्चा प्रतियोगिता) तयार सञ्चालन,

(च) विद्ध्यालय पोषण सम्बन्धी कार्यक्रमहरु जस्तै हाँजिर जवाफ सन्चालन, स्वच्छ वातावरण अभियान,

(छ) कुपोषित बालबालिका पहिचान र उपचारको लागि वहिरङ्ग सेवा तथा पोषण पुनर्स्थापना गृहमा लैजान सहजीकरण तथा सहयोग,

(ज) स्थानीय तहका कृषक समूहहरुमा पोषण खाद्यवस्तु उत्पादनका लागि उत्प्रेरित गर्ने, पौष्टिक आहारहरुको प्रर्वद्धन,

(झ) विद्ध्यालय नजाने किशोरीहरुलाई जीवनोपयोगी सीपबारे तालिममा पोषण सम्बन्धी विषयहरु समाबेश गर्ने,

(ञ) सामाजिक सुरक्षा संयन्त्रमा पोषण प्रर्वद्धनात्मक क्रियाकलाप ।

**अनुसूची-४**

**दफा ११ सँग सम्बन्धित**

**<u>व्यावसायीक योजना</u>**

उद्यमीको नामः

उद्यमीको ठेगानाः

१. वार्षिक उत्पादन र बिक्री लक्ष्यः

| विवरण | ईकाई | उत्पादन संख्या | | | विक्री संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

२. पूँजीगत लगानी र ह्रास कट्टीः

| क्र.सं | विवरण | परिमाण | दर | जम्मा (क) | आयू (वर्ष) (ख) | वार्षिक ह्रास कट्टी (क/ख) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| जम्मा | | | | | | |

३. खर्च योजना

| क्र.सं | विवरण/ईकाई | दर | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | जम्मा रकम | परिमाण | जम्मा रकम | परिमाण | जम्मा रकम |
| १ | | | | | | | | |
| २ | | | | | | | | |

| जम्मा उत्पादन खर्च (रु.) | | | | | | | |
|---|---|---|---|---|---|---|---|

४. आम्दानी योजना

| क्र.सं | विवरण/ईकाई | दर | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | जम्मा रकम | परिमाण | जम्मा रकम | परिमाण | जम्मा रकम |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| जम्मा बिक्री आम्दानी (रु.) | | | | | | | | |

५. वार्षिक नाफा नोक्सान विवरण

| क्र.सं | विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ |
|---|---|---|---|---|
| क | जम्मा उत्पादन खर्च | | | |
| ख | जम्मा विक्री आम्दानी | | | |
| ग | विक्री बाट नाफा | | | |

**अनुसूची–५**

**(दफा १७ सँग सम्बन्धित)**

**मिति ............देखि ........सम्मको अर्ध वार्षिक /वार्षिक**

**<u>प्रतिवेदनको नमूना</u>**

सहकारी वा समूहको नामः

ठेगानाः

दर्ता भएको मितिः दर्ता भएको कार्यालयः दर्ता नः

सहकारी वा समूहको कार्य प्रकृतिः (जस्तैः कृषि, बचत तथा ऋण, स्वास्थ्य आमा समूह ...)

१. भौतिक विवरण

| क्र सं | लगानीको क्षेत्र | सूचांक | इकाइ | लक्ष्य | प्रगती | जातीय विबरण | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दलित | जनजाति | अन्य | |
| | तरकारी खेती | .... विउ तथा कृषि सामाग्री बाट लाभान्वित घर परिवार | संख्या | | | | | | |
| | बाख्रा पालन | ....लाभान्वित घरपरिवार | संख्या | | | | | | |

२. आर्थिक विवरण

| क्र सं | लगानीको क्षेत्र | सूचांक | इकाइ | लक्ष्य | प्रगती | जातीय विबरण | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दलित | जनजाति | अन्य | |
| | तरकारी खेती | .... बीउ तथा कृषि सामाग्री बाट लाभान्वित | संख्या | | | | | | |
| | बाख्रापालन | ....लाभान्वित घर परिवार | संख्या | | | | | | |

हस्ताक्षरः हस्ताक्षर

नामः नामः

पदः पदः